ग. कुन हदसम्म येशुको आचारणलाई हामीले वर्तमान समाजमा अनुकरणीय उदाहरणका रूपमा लिन सक्दछौं? वा कति हदसम्म लिनु हुँदैन? येशुका यस्ता अरू केही व्यवहारहरू छन् जसलाई पछ्याउँदा समस्या खडा हुनसक्दछ?

घ. येशुले गरेको अनुसार म पनि त्यही गर्छु भनेर बिनासुझबुझ चल्यो भने मानिसहरूले उहाँप्रति कस्तो भ्रम पैदा हुनसक्दछ र हामीलाई गलत ठान्न मौका मिल्न सक्दछ, सो विचार विमर्स गर्नुहोस्। येशु बालकककालदेखि नै परमेश्वरको इच्छा पालन गर्न इच्छुक हुनुहुन्थ्यो। यो उहाँका उदाहरण भएतापनि हामीले कस्तो सतर्कता अपनाउनुपर्दछ? कति मानिसहरूले परमेश्वरको निर्देशनमा चलेको भन्दै आफू र अरूको जीवनमा आघात पुऱ्याउने धेरै काम गरेको हामीलाई ज्ञान छ। मानिसहरूले गलत ठान्ने कुनै व्यवहार अपनाउँदा परमेश्वरको इच्छा हो भनेर हामीले कसरी ठोकुवा गर्न सक्दछौं? धर्मको नाउँमा आफू र अरूलाई अन्याय गर्ने अधिकार के प्रभु येशुले हामीलाई सुम्पनुभएको छ? एकोहोरो तरिकाले मलाई परमेश्वरले बोल्नु भएको हो भनेर चल्नु अगावै, परमेश्वरको विश्वासमा बुज्रुक भएकाहरू र अरू अनुभवी सल्लाहकारहरूको सरसल्लाहमा चल्नु सुरक्षात्मक नीति हो भनेर के तपाईंले बुझ्नुभएको छ? फेरि यसै समयमा हामीलाई अनौठो लागे तापनि कोही परमेश्वरको अगुवाइमा आफू हिँडीरहेको भनेर प्रबल आत्मविश्वाकासाथ चल्छ भने उसको भावनामा ठेस नपुऱ्याउन हामी कसरी सतर्क हुनुपर्दछ? (धर्मको नाउँमा कसैको बैचारिक स्वतन्त्रता हनन गर्नु के हाम्रो अधिकार हो? याद गर्नुहोस्, धर्मकै नाउँमा इतिहासमा हिजो होस् वा आज होस् अतिवादी भएर करौडौंले रगत बगाएका थिए र बगाइ रहेका छन्। येशु धर्मलाई रक्षा गर्नआउनु भएको हो कि मानिसलाई? परमेश्वरले प्रेमगर्नु भयो भन्दैमा के येशुले जबर्जस्ती उहाँका प्रेम कसैलाई लादेको प्रमाण छ?-अनुवादकको चिन्तन)





# येशुका रहस्यमय आचरणहरू

**यस अध्यायका निम्ति पढ्नुहोस्:** मत्ती ४:१२,१३, ८:२८-३२, ११:१८,१९,२१:१२,१३, लुका २:४१-५१, ५:३२, १ कोरन्थी १:२६-२८।

**स्मरण गर्नुपर्ने पद:** "मानिसका पुत्र खाँदै र पिउँदै आए, र तिनीहरूले भने,' हेर, हेर, घिचुवा र जड्याँहा, अधर्मी, पापी र कर असुली गर्नेहरूका मित्र !" मत्ती ११:१९।

अघिल्लो अध्यायमा, समकालीन मानिसहरूको दिमागलाई खलबल्याउने येशुका वचनहरूलाई केन्द्रित गऱ्यौं। यस अध्यायमा पनि केही हदसम्म त्यस्तै विषयमा ध्यान दिनेछौं, तर विशेष गरि उहाँका आचारणमा आधारित मानिसलाई किंकर्तव्यविमूढ बनाउने वचनहरूमा।

येशुका बारेमा निरन्तर रूपमा हामीलाई प्रलोभित पार्ने त उहाँलाई हाम्रै दृष्टिकोणले हेर्ने समस्याले पिरोल्नु हो। राजनैतिक क्षेत्रमा आमूल परिवर्तन चाहने क्रान्तिकारी मानिसहरूले उहाँलाई क्रान्तिकारीकै रूपमा चिन्दछन्; सामाजिक रूढिवादीहरूले आफ्नै धारणामा उहाँलाई धरापमा पार्दछन्। केही हदसम्म उहाँलाई आफ्नै आँखाले हेर्ने बानीलाई पन्छाउन सकिन्न। किनभने हाम्रो संस्कार, समाज र परिस्थिति नै यस्ता गर्भाशय हुन्, जसद्वारा हरेक कुरालाई विवेकशील भएर होस् वा अविवेकशीलले होस् यथार्थतालाई हेर्ने प्रवृत्ति हुन्छ। तर यस कुरामा सावधानी अपनाउँदै, र केही हदसम्म उहाँलाई हाम्रै दृष्टिकोणले हेर्ने प्रवृत्तिबाट माथि उचालिएर सुसमाचारका पुस्तकहरूले नै येशुका बारेमा के भन्दो रहेछन् भनेर यहाँ हेर्ने कोसिस गर्नेछौं। यसो गरेमा हामीलाई यो विश्वास छ, येशुका बारेमा ज्ञान प्राप्त गर्न सुसमाचारका पुस्तकहरूले हामीलाई हाम्रो परिधिबाट बाहिर ल्याउन सहायकसिद्ध हुन सक्दछ।

यसरी अध्ययन गर्नाले हामीले येशुलाई हाम्रै दराजभित्र थुन्न त्यत्ति सजिलो छैन भन्ने ज्ञान प्राप्त हुनेछ, न त सबै समस्याको हल गर्ने

परमप्रभु हुनुहुन्छ भनेर उहाँलाई सानो सफा पोकोमा हालेर अलादिनको दियो जस्तो बनाउँछौं। बरु उहाँका कतिपय आचरण, आनीबानीले हामीलाई किंकर्तव्यविमूढ बनाउँछ र कतिजना त अलमल्लमा पनि पर्दछन्। र यसरी सोच्न बाध्य पनि गराउँछन्: के उहाँले पनि हामीलाई त्यही गर्न, र त्यसरी गर्न अपेक्षा गर्नुहुन्छ त?

यस अध्यायमा येशुका यस्ता केही रहस्यमय वा हामीलाई जिल्ल पार्ने कार्यविधिहरूलाई हेर्नेछौं, जसले गर्दा उहाँले देखाएका कुराहरूलाई हाम्रो जीवनमा पालन गर्नुपर्दछ वा पर्दैन भन्ने कुराको अन्तर्दृष्टि प्राप्त हुन्छ।

**१. आफ्ना आमाबाबुलाई उपेक्षा गर्ने?**

अगाडि हामीले भन्यौं, सुसमाचारको पुस्तकहरूमा येशुका प्रथम ३० वर्षका कार्यकाल सम्वन्धी एकदम मौन छन्। यस विषयमा धेरै कुराहरू उल्लेख नगरिए तापनि एउटा विवरण प्रस्तुत गरेको छ जसले हाम्रो जिज्ञासालाई माथ गर्न सक्दछ।

लुका २:४१-५१ पढ्नुहोस्। झट्ट हेर्दा आफ्ना पितामाताप्रति येशुले कस्तो व्यवहार गरेको आभास पाउनुहुन्छ? अर्को अर्थमा भन्ने हो भने, त्यहाँ के भइरहेको हुनसक्दछ? पद ४७ ले येशुको मौन वर्षहरू कसरी बिताउनुभयो भनेर शङ्केत गर्दछ?

झट्ट हेर्दा येशु कस्तो गैर जिम्मावार केटा रहेछ जसले आफ्ना आमाबाबुको चिन्तामा कुनै पनि सरोकार नराख्ने र संवेदनशील नहुने भनेर हेर्न सकिन्छ। आफ्ना घरका नियमहरूलाई बेवास्ता गर्ने र उनीहरूको सुविधामा अनादर गर्ने छोराछोरीहरूप्रति कुनचाहिँ आमाबाबुले रिस पोखाउँदैनन् र?

येशुको जीवनमा घट्ने धेरै परिस्थितिहरूमा यो एउटा घटना हो जसलाई मानिसहरूले आफू खुसी अनुशरण गर्न, उहाँका व्यवहारको सीमित ज्ञान भएतापनि उहाँलाई नमुनाको रूपमा लिइन्छ। तर यहाँ के भइरहेको छ भने येशु मसिह हुन् भनेर बान्ह वर्षको कलिलो उमेरदेखि नै प्रकट हुन थालेको देखिन्छ। उहाँ, आफ्ना आदरणीय आमाबाबुभन्दा



उनीहरूको सांसारिक कामकाजमा वा व्यवसायमा उहाँले चासो राख्नु भएको थियो। उहाँले घरहरूमा गएर शिक्षा दिनुभएको थियो । परिवारहरूमा उहाँका सुगम प्रभाव परेको थियो जसले गर्दा तिनीहरूका बीचमा स्नेहले अग्रस्थान पाएको थियो। उहाँका प्रबल व्यक्तित्वले मानिसहरूमा सहानुभूति प्रदर्शन गरेको हुनाले मानिसहरूको हृदयलाई जित्न सफल हुनुभएको थियो।"-एलेन जि ह्वाइट, “आट द मारिज फिस्ट" पृ. १५१, *द डिजाएर अभ् एजेज।*

“मानिसहरूको हृदयलाई जित्न र सुसमाचारको काममा सफलता हासिल गर्न येशुको तरिकाको विकल्प छैन। उद्धारकर्ता प्रभु सबै तहका मानिसहरूसँग घुलमिल गर्नुभयो र उनीहरूको हितैषी रूपमा आफूलाई प्रस्तुत गर्नुभयो। उहाँले तिनीहरूलाई सहानुभूति देखाउनु भयो, उनीहरूको आवश्यकतामा सहयोग र सेवा गर्नुभयो, र यसरी उनीहरूको विश्वासलाई जित्नुभयो। अनि उनीहरूलाई ‘मेरो पछि लाग’ भनेर आह्वान गर्नुभयो।"-एलेन जि ह्वाइट, “टिचिङ्ग एण्ड हिलिङ्ग,“ पृ. १४३ द *मिनिस्ट्रि अभ् हिलिङ्ग* बाट उद्घृत।

**चिन्तनमननः**

क. मानिसहरू धर्म रक्षाको नाउँमा धर्मी क्रोध व्यक्त गर्दछन्, त्यो भनेको के हो? कुनबेलो यो न्यायोचित छ, र कहिले यस्तो क्रोध व्यक्त गर्नु अनुचित हुन्छ? धर्मपरायण रिसका बिषयमा एक आफसमा छलफल गर्नुहोस्।

ख. समाजबाट तिरस्कृत, वहिष्कृत वा अवाञ्छनीय व्यक्तिहरूसँग येशुको सम्बन्ध कस्तो थियो र उहाँलाई यस मामिलामा मार्ग निर्देशकको रूपमा कसरी लिन सक्दछौं? अधर्मी वा परमेश्वरप्रति आस्था नराख्ने पुरुष वा महिलाहरूसँग हिमचिम गर्दा हाम्रो आत्मालाई जोखिममा नपरोस् भनेर कसरी सतर्क हुनुपर्दछ? येशुको सबै सामाजिक सम्पर्कहरूमा उहाँले आफूलाई काबुमा राख्नुभएको थियो। जब समाजको सन्दिग्ध क्षेत्रमा प्रवेश गर्न खोज्दा येशुको उपर्युक्त संयमशीललाई हाम्रो जीवनमा कसरी समावेश गर्नु पर्दछ?

घतलाग्दो कुरा त येशु आफैले उहाँलाई उहाँका शत्रुहरूले कस्तो अत्यन्त अपमानजनक तहमा राखेको थियो भनेर बताउनुहुन्छः उनीहरूले भन्थे येशु त "घिचुवा र जँड्याहा" रे (मत्ती ११:१९, लुका ७:३४)। "यस्ता बदनाम कमाएका मानिसहरू, बप्तिस्मा दिने युहन्ना र गान्धीका विरुद्ध कहिल्यै पनि नजान सक्दछ, तर येशु जस्तै खानपिन र पार्टीहरूमा लाग्ने र उनीहरूसँग घुलमिल गर्ने मानिसहरूका बारेमा कुरा गर्दा पण्डितहरूले लगाएको आक्षेप सही होइन भन्न सकिँदैन। यदि अतिरञ्जनात्मक भए पनि येशुलाई उनीहरूले लगाएका दोषलाई नकार्न सकिँदैन।" एफ. स्कट स्पेन्स स्पेन्सर *ह्वाट डिड जीसस डु?*, पृ. ९०। येशुका बारेमा जतिसुकै बढाई चढाई लेखे पनि संसारलाई प्रेम गरेको कारण संसारका मानिसहरूसामु रहेर उहाँलाई उन्माद र खन्चुवा भनेर आक्षेप आउनु असाधारण मान्नुपर्ने आवश्यक्ता देखिँदैन।

यदि हाम्रै जीवनमा त्यसलाई उतार्न चाहन्छौं भने उपर्युक्त पदहरूबाट के सिक्न सक्दछौं? के चाहिँ लागू गर्नुहुन्न? माछा पानीमा भयो भन्दैमा के माछा पानीको हो र? यस्ता दुष्चरित्र भएका मानिसहरूसँग येशु घुलमिल त हुनुभयो, तर उहाँका चरित्रमा नै कसैले दोष लगाउने हिम्मत थियो त? तपाईंले यी प्रश्नहरूको जिज्ञासा गर्दा याद गर्नुहोस्, यस संसारमा येशु आउनुको उद्देश्य के थियो र यस्ता मानिसहरू बीच हुनुको लक्ष्य के थियो? त्यसको जवाफले हाम्रै जीवनमा कुन व्यावहारिक तत्त्वहरूलाई बुझाउन सहायता गर्नसक्दछन्?

**उपसंहारः**

अतिरिक्त अध्ययनः "हरेक व्यक्तिले परमेश्वरको राज्यको आह्वान सुनिनुपर्ने आवश्यकतालाई येशुले देख्नुभएको थियो। अरूको हित चाहने व्यक्तिको रूपमा येशु मानिसहरूसँग घुलमिल रहेर उनीहरूको हृदय जित्नुभएको थियो। ती मानिसहरूलाई सार्वजनिक स्थलहरूमा, निजी घरहरूमा, डुङ्गाहरूमा, धर्म सभाघरहरूमा, समुद्रको किनाराहरूमा र विवाहको भोजमा येशुले खोज्नुभएको थियो। उहाँले मानिसहरूलाई आफ्नो दैनिक कामगर्ने स्थानहरूमा भेट्नुभयो र



अनन्त र सर्वोच्च शक्तिको पक्ष बफादार हुन आफ्नो विवेक सजग भएको देखाइएको छ। येशुले तीन दिनसम्म पण्डितहरूलाई मुग्ध पारेर राखे भन्ने लुकाको संक्षिप्त विवरणले दर्जनौं प्रश्नहरूको जवाफलाई परिकल्पनामै छोडेका छन्ः तीन दिन सम्म उहाँलाई कसले खान-बस्न दियो? के ती पण्डितहरूले यस बालकका आमाबाबु को थिए भनेर खोजीनिती गरेका थिए? के तीन दिनसम्म वाल्ल परेर येशुका कुराहरू सुनेर बसे? ती पुजारी र पण्डितहरूको जिज्ञासा कस्तो थियो, र उहाँले कसरी जवाफ दिनुभयो? इत्यादि।

"तिमीलाई खोज्दा-खोज्दा हैरान नै भयौं" भन्ने येशुका आमाबाबुका गुनासोलाई येशुले के जवाफ दिनुभयो? येशुले उनीहरूलाई घुमाउरो तरिकाले के भनिरहेको देख्छौं? "तर" लुकाले निश्कर्ष निकाल्दछ, "येशुले के भनीरहेको थियो, सो उनीहरूले बुझेनन्" (लुका २:५०)। तर येशुले ढिपी वा विवाद नगरी आफ्ना आमाबाबुको साथमा घर फर्किनुभयो र आफ्नो बालककाल उनीहरूको अधीनमा सुम्पिनुभयो (पद ५१)। आफू सर्वोच्च परमेश्वरको अधीनमा रहनुपर्ने कर्तव्य सूचित गर्न येशुले कुनै कसुर बाँकी राख्नुभएन। न त आफ्ना आमाबाबुलाई असुविधा र चिन्तित पुर्‍याएकोमा उहाँले माफ माग्नुभयो भनेर कहीं उल्लेख गरिएको पाउँछौं।

येशुको सम्पूर्ण जीवनलाई सर्वोच्च परमेश्वरको अगुवाइमा र उहाँका राज्यमा सजग रहेर बिताउनु भएको थियो, यत्ति सम्म कि मानिसले उहाँलाई गलत सम्झे पनि त्यसको सरोकार उहाँले राख्नु भएन। कुन मार्गमा हिँड्दा तपाईंले परमेश्वरप्रति बफादारी देखाउनुहुन्छ र परमेश्वरको बाटो अपनाउँदा मानिसहरूले तपाईंलाई गलत सम्झने सम्भावना कत्तिको छ अर्थात् अनुभव नै गर्नुभएको छ? यदि यो गति तपाईंले भोग्नु भयो भने त्यसबाट तपाईंले के सिक्नुभयो र अरू पनि यही परिस्थितिमा गुज्रिरहेका छन् भने, उनीहरूलाई कसरी सान्तवना वा मद्दत दिन सक्नुहुन्छ? आफ्नै आमाबाबुले येशुलाई बुझेनन् भने, अरूले हाम्रो कुरा सुनेनन् भनेर के बीचलित हुनुपर्दछ र?

## २. के सहनशील, नम्रताका प्रतीक येशुले पनि आफ्नो आक्रोश व्यक्त गर्नुभयो?

आफ्नो रूप परिवर्तन भएको पहाडबाट तल येशु ओर्लनुहुँदा एक जना मानिस हुलबाट आएर उहाँलाई उसको छोरालाई निको पार्न अनुरोध गरे। तिनले आफ्नो छोरालाई येशुका चेलाहरूकहाँ ल्याएका थिए। तर तिनीहरूले उसलाई निको पार्न सकेका थिएन। उपर्युक्त बाबुको जवाफलाई क्रुद्ध स्वरमा येशुले यसरी सम्बोधन गर्नु भएको थियोः "हे अविश्वासी र पथभ्रष्ट भएका वंश हो, कतिसम्म म तिमीहरूसँग लागिरहने? त्यस केटालाई मकहाँ ल्याउनु" मत्ती १७:१७। झट्ट हेर्दा "नरम मिजास भएको, नम्र, करुणामयी, सदाशयी र कोमल" येशुले यस्तो कठोर वचन बोल्नुभयो भन्दा अचम्म लाग्न सक्दछ किनभने यस्तो आक्रोशित वचन बोल्ने उहाँका स्वभावै थिएन। तर उहाँले जुन वाक्य बोल्नुभयो कुन स्वरले सम्बोधन गर्नुभयो भन्न मुस्किल छ। अन्त पनि सुसमाचारको पुस्तकहरूमा उहाँले आक्रोशित भएर बोल्नु भयो भनेर उल्लेख गरिएको छ।

हेर्नुहोस् यी पदहरूः मत्ती २१:१२, १३, मर्कुस ३:१-५। यी पढेर तपाईं के भन्नुहुन्छ?

आजको जटिल समाज र संसारमा कुनै कुरा रोज्नु पर्दा धेरै जसो इसाईहरूले यस्तो मनस्थिति लिएर चल्नुपर्छ भनेर तर्क गर्दछन्: यो परिस्थितिमा येशुले के गर्नुहुन्थ्यो होला? हेर्दा यो सरल प्रश्न देखिन्छ, तर जबसम्म तर्कसम्मत प्रारम्भिक प्रश्न सोधिँदैनः येशुले के गर्नुभयो त? यस प्रश्नको जवाफ दिन हामीले ठानेको जस्तै सधैं त्यति सरल छैन भनेर पत्ता लगाउन सक्दछौं। उदाहरणस्वरूप, माथिका पदहरूले आज हाम्रो आचरणका लागि के तात्पर्यता देखाउँछ?

"येशुले जुन कामहरू आक्रोशि तढँङ्गले त्यसबेला गर्नुभयो, त्यसबेलाको धार्मिक र रोमी शासनकालको परिवेशमा गर्नुभएको थियो। रूखलाई सराप्ने र मन्दिरको परिसरमा गएर झटारोले हानेर सबै बन्धव्यापारलाई तहस-नहस पार्ने जस्ता येशुका अनौठो कार्यहरूलाई



## ५. समाजका चरित्रहीन, अप्रिय र अवाञ्छित व्यक्तिहरूसँग घुमफिर गर्नु

प्रायजसो हामी सबैले येशुको सच्चरित्र धारणाप्रति विज्ञ नै भएका हुन्छौं। यद्यपि कतिपटक येशु यस्ता मानिसहरूको सँगतमा लाग्नुभएको भनेर चित्रण गरिएको छ जुन समाजबाटै अलग्गिएका, अप्रिय र चरित्रहीन मानिसहरू थिए। यस्तो कुरा सुन्दा हाम्रो दिमागै खलबलिन सक्दछ र भन्छौं, "प्रभु यो त अति नै भयो !" येशुको त्यस्तो स्वभावलाई मनन् गरेर चुपचापसाथ उहाँले हाम्रै जीवनमा उहाँका त्यस अर्थपूर्ण व्यवहारले के सिकाउन वा देखाउन चाहनुहुन्छ भन्ने कुरामा ध्यान नदिएर उपर्युक्त व्यवहारलाई हामीले एक आपसको टाउकोमा हिर्काउन प्रयोग गर्दछौं। समाजका यस्ता बिउ जस्तो तत्त्वहरूका बारेमा अत्यन्त बहिष्कारक वा अत्यन्त रूढिवादी भनेर एक आपसमा दोषारोपण गर्दछौं। त्यस्तो समाजबाट तिरस्कृत, उपेक्षित मानिसहरूलाई सदाशयता देखाएर उनीहरूसँग येशुले कसरी सम्पर्क राख्नु भयो भनेर ध्यानपूर्वक छानबिन गर्न सक्यौं भने, निशङ्कोच रूपमा त्यस्ता व्यक्तिहरूलाई देखाउने हाम्रो व्यवहारप्रति हामी आफैलाई लाजमर्दो बनाउन सक्दछ।

निम्निलिखित पदहरू हेर्नुहोस्। यसबाट हामीले के सन्देश पाउँछौ?

<u>मत्ती ९:१०-१३, ११:१८,१९, लुका ५:३२, १ कोरन्थी १:२६-२८ ।</u>

उपर्युक्त पदहरूलाई हाम्रो समयमा प्रयोजन गऱ्यौं भने, येशु, समाजका चरित्रहीनसँग सँगत गरेर उनीहरूको साथमा खान बस्नु भएको र उनीहरूसँग गहिरो रूपमा हिमचिम भएको देख्दछौं (जसरी पौराणिक कालमा मानिसहरू भोजभतेर गर्दथे)। खानपिनमा मस्ती भइरहेको छ, ठूला-ठूला आवाजहरूले सङ्गीत घन्किरहेको हुन्छ, नरनारीहरू अवाञ्छनीय कार्यमा सम्मिलित भएको र नाइटक्लबको वातावरणमा मानिसहरू चुर्लुम्म डुबेको आधुनिक समाजको कल्पना गर्न सक्दछौं। माथिका पदहरूले येशु त्यस्तै समाजमा सम्मिलित हुनुभयो भनेर आक्षेप लागेको पाउँछौं।

पनि उसको कालकोठरीमा भेट्न आउनु भएको थिएन भनेर मत्ती ११:२,३ ले स्पष्ट गर्न खोजेको पाउँछौं। यी पदहरू अनुसार युहन्नाले आफ्ना चेलाहरूलाई केही जिज्ञासासहित येशुकहाँ पठाएका थिए। येशु र युहन्नाको बीचमा त्यही मात्र सम्पर्क थियो भनेर भन्दा अनुयुक्ति नहोला। जब युहन्नाका चेलाहरूले येशुलाई भेटेर गए, उहाँले कैदमा संघर्ष गरिरहेका युहन्ना भविष्यवक्ताका बारेमा उच्च रूपमा मूल्याङ्कन गरी उसको ठुलो प्रशंसा गर्दछ, तर उहाँ भेट्न त जानुभएन।

सारा युगका र सारा मानिसहरूलाई पिरोलि रहने अटल प्रश्न त दुःख आफूहरू पाइरहेको समयमा "परमेश्वर कहाँ हुनुहुन्छ" भन्नेमा नै केन्द्रित भएको पाउँछौं। यस प्रश्नको जवाफलाई युहन्नाको अनुभवले केही हदसम्म जवाफ दिन्छ, त्यो हो येशुको व्यवहार। मानव शरीरमा परमेश्वर भएर येशु आउनुभएको र उहाँका असीमित शक्ति हुँदाहुँदै पनि आफ्ना सहकर्मी र उहाँका कामका लागि बाटो तयार गर्ने युहन्नालाई छुटाउन उहाँले हस्तक्षेप गर्नुभएन। जब युहन्नाको निरङ्कुस राजाबाट हत्या भयो त्यस घट्नाप्रति येशु मौन रहनुभएको पाउँछौं (उहाँका मन नदुखेको त होइन)। यति मात्र होइन, न त उहाँ न त उहाँका चेलाहरूले युहन्नाको अन्तिममा अन्त्येष्टिमा सरिक भए भनेर उल्लेख गरिएको छ।

युहन्नाको अन्धकारमय समयमा उसलाई नभेटी येशुले जुन कठोरता देखाउनुभयो त्यसलाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ? के उहाँका भनाइ र गराइमा भिन्नता देखिएन त? कस्तो घातक परिस्थितिहरूको सम्भावना थियो जसले गर्दा येशुले युहन्नालाई नभेट्न निर्णय गर्नुपरेको थियो? (एसडीए बाइबल कमेन्टरी, ठेली ५, पृ.३१६ मा प्रशासकहरूले दुवै येशु र युहन्नालाई मौन (चुप) पार्न खोजेका थिए भनेर सङ्केत गर्दछ)।

अनि युहन्नाप्रति मौन रहेको येशुको कार्यविधिले हामीलाई पनि कष्ट भएको समयमा परमेश्वर मौन रहनुभएको बारेमा कसरी बुझ्न सक्दछौं?



आजका इसाईहरूले व्यवहारमा कसरी उतार्ने वा उहाँका ती कार्यलाई कसरी अनुसरण गर्ने? ए, हाम्रो तरकारी फलफूल बजारमा हामीले भनेको र मनपरेको जस्तै फलफूल तरकारी भएन भने के हामीले पनि तरकारी बजारमा सबै थोक पल्टाएर तहस नहस पार्ने वा साहूलाई बेसरी गाली गर्ने? अर्थात् चर्चमा पास्टरले पैसाको बारेमा प्रचार गर्दा अति भयो भनेर, वा चर्चका पदाधिकारी अथवा कर्मचारीहरूले पैसालाई हिनामिना गऱ्यो वा तिनीहरूसँग मनमुटाव भयो भन्दैमा चर्चको सेवा समयमा क्रुद्ध भएर मेच, पुलपित आदि किलाले नठोकेका सामानहरू निकाल्दै तोडफोड गरी ती चर्चका अगुवाहरूलाई गलहत्याएर बाहिर निकालि दिने त?"- एफ. स्कट स्पेन्स स्पेन्सर *ह्वाट डिड जीसस डु?*, पृ. ix.

येशुले गर्नुभएका यस्ता अनौठो कार्यहरूको अर्थ के हो र त्यसको मूलभूत कारण के हो भनी हामीले जान्नुपर्दछ। यसमा हामीलाई आध्यात्मिक रूपमा कसरी चेतनशील बनाउँछ? येशु मसिह भएर मानव जातिको उद्धारका निम्ति आउनुभयो। उहाँ मसिह भएर कडाइका साथ आफ्नो भूमिका खेल्नुभएको र उहाँलाई पछ्याउँदा कस्तो आचरण हामी अपनाऔं भन्ने उहाँका आशयलाई कसरी भिन्नपूर्वक हेर्नुहुन्छ?

### ३ व्यक्तिगत सम्पत्तिलाई नाश गर्ने रे?

यस अध्यायको मुख्य ध्यान नै येशुलाई हाम्रो आदर्शका रूपमा कसरी लिने भन्ने विषय हो। उहाँका अनुकरणीय उदाहरणलाई पछ्याउने लक्ष्य कति सरल र र स्पष्ट छ? र हामीले यो भेट्टाइरहेका छौं, उहाँलाई पछ्याउँदा अत्यन्त सावधानी अपनाउनुपर्दछ, विवेकशील हुनुपर्दछ र स्वविवेकलाई उहाँका मनशायमा ढाल्नुपर्दछ। प्रायजसो कतिपय सबै परिस्थिति स्पष्ट र नीतिगत भएको पाउँछौं जसको अनुसरण गर्नुपर्दछ; त अरू सिद्धान्त पछ्याउन त्यति स्पष्ट देखिँदैन। उदाहरणमा दुई घट्नाहरू तलका पदहरूले प्रस्तुत गर्दछ ।

मत्ती ८:२८-३२ (यसलाई मर्कुस ५:१-२०, लुका ८:२६-३९सँग दाँज्नुहोस्) र मत्ती २१:१८,१९ (यसलाई पनि मर्कुस ११:१२-१४,२०,२१ सँग दाँज्नुहोस्) । बँदेलहरू वा सुँगुरहरूको बथानमा सैतानका आत्माहरूलाई जान येशुले किन अनुमति दिनुभयो होला? ती बँदेलहरूको साटो भेडाहरू भएको भए के उहाँले त्यही गर्नुहुन्थ्यो होला? यहाँ येशुको कामले उहाँका सहानुभूति कहाँ थियो भनेर देखाउँछ? येशु यहूदी भएको कारण सुँगुर वा बँदेललाई अशुद्ध मानेर तिनीहरूको विनाशको वास्ता गर्नुभएको थिएन कि? के उहाँले त्यस सहरका बासिन्दाहरूको रोजीरोटी नै ती जनवारहरू थिए भनेर मतलब राख्नु भएन? त्यस कार्यको सोधभर्ना दिनुपर्छ भन्ने धारणालाई तपाईं के भन्नु हुन्छ?

"यदि यी सुँगुर वा बँदेलहरू गैर यहुदीहरूको भए ती कसरी नाश पारिए भन्ने कुरामा स्पष्ट जवाफ हामीमा नहुन सक्थ्यो। सैतानका आत्माहरू केवल त्यस मानिसबाट मात्र निस्कन र तिनीहरू सुँगुरहरूमा पस्नु आफ्नै काम हो भन्ने कथन विवादास्पद हुनसक्दछ किनभने मर्कुस र लुकाले स्पष्ट रूपमा उनीहरूको अनुरोधलाई येशुले अनुमति दिनुभयो भनेर उल्लेख गरिएको छ।"-आर.सी.एच. लेनस्कि, *द इन्टरप्रेटेशन अभ् सेन्ट माथ्यु'ज गसपल,* (मिनियापोलिस, मिनियोसेटा, अगसबर्ग पब्लिशिङ्ग हाउस, १९४३), पृ. ३५३। अर्को बाइबलका विद्वान्ले येशुका कार्यले उहाँले शक्तिशाली रूपमा विरोध जनाउनुभएको भनेर देखाउनु भएको भन्दछ। ऊ भन्दछ "फौज" र "बँदेलको प्रतीक" ले रोमी सैनिक शासनको आधिपत्यलाई जनाउँछ। खासगरी उहाँको मनसाय इजरायलमाथि रोमीहरूको निरङ्कुश आधिपत्यको जोडदार विरोध गरेको भनेर जनाउँछ।" एफ. स्कट स्पेन्स स्पेन्सर *ह्वाट डिड जीसस डु?,* पृ. १०१।

एलेन जि ह्वाइट भन्नुहुन्छ "येशुले सुँगुरहरूका मालिकहरूप्रति दया देखाएर नै ती सुँगुरहरूको नाश हुन दिन अनुमति दिनुभएको हो। तिनीहरू केवल सांसारिक र भौतिक कुराहरूमा मात्र तल्लीन भएका



थिए र तिनीहरूले महान आध्यात्मिक जीवनप्रति रत्तिभर पनि चासो राखेका थिएनन्। तिनीहरूले येशुको अनुग्रहलाई ग्रहण गरून भनेर नै उनीहरूमा भएका चरम स्वार्थीताको मायाजाल फुटोस् भनेर उहाँले चाहना गर्नुभएको थियो।" *द डिजाएर अभ एजेज,* पृ. ३३८। यी टिप्पणीहरूले हाम्रो व्यक्तिगत जीवनमा आइपर्ने कुनै विपत्तिलाई बुझाउन खोज्न सक्छन् होला, तर हामीले नै त्यस्तो विपत्ति ल्याउने काममा अग्रसर नहुन कसरी हेर्नुहुन्छ? अर्थात्, येशुले यस्ता अनौठा कामहरू गर्नुभयो किनकि मसिह-भविष्यवक्ता को हुनुहुन्थ्यो भनेर देखाउन भूमिका निभाउनुभएको थियो तर त्यसलाई हामीले उदाहरणका रूपमा लिन होइन। येशुले अन्जिरको रुखलाई सराप्दा पनि त्यही आशयलाई व्यक्त गर्न खोज्नुभएको थियो भनेर तपाईंले कसरी विश्वास गर्न सक्नुहुन्छ (पक्कै पनि त्यस अन्जिरका मालिक थिए होलान्)?

## ४. सताइएकाहरूलाई बेवास्ता गर्नु?

मानज जगत्को अन्तिम न्यायलाई येशुले एकदम नाटकीय चित्रण गर्नुभएको थियो। उहाँले, भेडाहरू र बाख्राहरू छुट्याएझैं सारा संसारका राष्ट्रहरूलाई दुई भागमा विभाजन गर्नुहुनेछ। भेडाका प्रतीक राष्ट्रहरूलाई अरू कुराहरू साथ यो भन्नुहुनेछ, "म झ्यालखानामा थिएँ, तिमीहरूले मलाई भेट्न आयौ" (मत्ती २५:३६)।

परमेश्वरको न्यायआशनका अगाडि मानिसहरू खडा हुनुपर्दछ भनेर येशुले घोषणा गर्नुभएको सन्दर्भमा देहायका पदहरू पढ्नुहोस्। न्यायको समयमा उहाँले झ्यालखानालाई इङ्गित गरेर भन्नुभएको कुरा पढेपछि देहायका पदहरूले तपाईंलाई कस्तो तत्कालीन प्रभाव पार्दछन्? मत्ती ४:१२,१३, मत्ती ११:२,३, मत्ती १४:१-१३

युहन्ना जेलमा परेको बेलामा येशुले गर्नुभएको व्यवहारप्रति तपाईं कसरी व्याख्या गर्नुहुन्छ? जब युहन्ना कारावासमा परे भनेर येशुले प्रथम पटक सुन्नुभयो, उहाँ गलिलमा फर्कनुभयो (मत्ती ४:१२)। युहन्नाका आफ्ना समकालीन र उल्लेखनीय व्यक्तित्व येशुले एक पटक